जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३१ २०७७ साल असार २४ गते बुधबार (8 July 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नौटंकीका दृश्यहरु ... ३ पृष्ठमा : लागुऔषध प्रयोगकर्ताको ... ३ पृष्ठमा भारतमा कोरोना भाइरस संक्रमितको...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# निकास नहुँदा घर र धान खेती डुवानमा, सडक पनि बगायो





**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका सामान्य वर्षा भएपनि डुवानमा पर्ने गरेको छ । यति मात्र नभएर यहाँ खाँडो नदीका कारण बाढीले तान्डव समेत देखाउने गर्दछ ।

यस पालिमा बाढीले त बस्ती र खेती योग्य जमिनमा ठूलै क्षति पुर्‍याउने गर्दछ । तर, यस पटकको वर्षाका कारण अहिलेसम्म खोलानालामा बाढी आएको देखिएको छैन् । यता बाढी नआएपनि दुई/तिन दिनको वर्षाले मात्र यस गाउँपालिका वडा नं. ३ सकरपुराका आधा दर्जन घर डुवानमा परेको छ भने करिब एक सय बिगहा धान खेती जग्गा बगरमा परिणत भएको छ ।

वर्षाको पानी निकास हुने व्यवस्था हुन नसक्दा दुई वटा फुसको संचरना भएको घर भत्किएको छ भने आधा दर्जन घरमा दुई/तिन फिटसम्म पानी जमेको छ । वर्षाको पानीले निरन्तर दबाब बनाउँदा इनर्वा-कुनौली सडकको मध्यभागमा पर्ने सकरपुरा खण्डमा १५ फिट सडक नै बगाएको छ । यसरी सडक नै कटान गरेपछि सर्वसाधारणलाई आवतजावतमा समस्या भएको छ ।

एक पक्षले आफ्नो जग्गा हुँदै बग्ने कुलोको धार रोक्ने र अर्को पक्षले आफ्नो खेतमा डिप बोरिङ जडानका लागि कुलोको मुहान बन्द गरिदिएका कारण यस्ता समस्या उत्पन्न भएको हो । जसकारण वर्षाले एउटा बस्ती जोगिने र अर्को बस्ति डुवानमा पर्ने स्थिति सृजना भएको छ ।

वर्षाका पानी घरमै पसेर बेहाल

*बाँकी तीन पृष्ठमा*

# सप्तरीमा १ सय ४९ जना कोरोनाबाट निको भए

**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

सप्तरीमा मंगलबार थप ९ जना कोरोनाबाट निको भई घर फर्किएका छन् । योसँगै कोरोनाबाट निको भइ घर फर्कनेको संख्या १ सय ४९ पुगेको छ ।

यता सप्तरीमा कोरोनाबाट ३ सय २४ जना संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । ती मध्ये १ सय ४९ जना निको भइ घर फर्किसकेको अवस्थामा हाल १ सय ७५ जनाको आइसोलेशन कक्षमा उपचार भइरहेको छ ।

यस्तै मंगलबार साँझसम्म नेपाल भरिमा १६ हजार १ सय

*बाँकी अन्तिम पृष्ठमा*

# चार जिल्ला "कोरोना फ्रि"

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ असार ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चारवटा जिल्लामा कोरोना भाइरस (कोभिड(१९) को

*बाँकी अन्तिम पृष्ठमा*

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

- ज्वरो (१००.४°F भन्दा माथि)
- श्वास प्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# बजेटको सदुपयोग गरौं

प्रत्येक वर्ष जस्तै यस वर्ष पनि असार मसान्तको बेला धमाधम असारे कार्यहरु सम्पन्न भइरहेका छन् । चाहे त्यो देखाएर होस् वा कागजमै । वर्षभरीको बजेटमा खर्च हुन बाँकी रहेको विकासीय बजेटलाई जनप्रतिनिधीहरुको मिलोमतोमा यस्ता कार्यलाई प्रोत्साहन पाएको छ । यस्ता कार्यले जनताको विकास भन्दा पनि व्यक्तिगत विकासलाई बढावा दिइदै छ । बाँकी रहेको बजेटलाई नाला सफाई, सडक मर्मत, माटो ग्राभेल तथा अन्य कागजी काममा बढी प्रयोग भएको देखिन्छ । तर, यस्ता दुरुपयोगप्रति आवाज कमै मात्रामा उठ्ने गरेको पाइन्छ । कागजमै उपभोक्ता समिति गठनदेखी विभिन्न संघसंस्थासँग सम्झौता तथा अन्य कार्यालयका काममा बजेट सिध्याउने गरेको पाइन्छ । यस्ता असारे विकासीय कार्यहरु अधिकांश स्थानिय तहहरुले लुकिछिपी ग्रामिण भेगमा गर्दै आइरहेका छ ।

यो परिपाटी कुनै नौलो नभएर पुरानै परिपाटीको रुपमा झनै विकसित हुँदै गएको छ । हुन त सरकारले पनि बजेट सिध्याउने नाममा असारे कामलाई संरक्षण समेत दिएको देखिन्छ । यस पटक भने यस्ता असारे कार्यहरु विगतका वर्ष भन्दा थोरै कम मात्रामा भइरहेको छ । कीन भने यस वर्ष कोरोना महामारीका कारण बजेटलाई स्वास्थ्य क्षेत्रमा बढी प्रयोग भएको देखिन्छ । तर कोरोनाको नाममा पनि बजेट दुरुपयो गर्ने कार्य भने अधिकांश भएको देखिन्छ । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको नाममा स्थानिय जनप्रतिनिधिहरुले वास्तविक भन्दा धेरै बजेट सिध्याएको गुनासोहरु आइरहेका छन् ।

कुनै पनि विकासीय कार्य गर्नु नराम्रो होइन् यो सरार्हनिय हो । तर, जनताको हीतमा हुनुपर्छ । विकास भनेको एकल नभएर समुदायस्तरमा हुने हो । यस्ता कार्यलाई पारदर्शिता गर्नु पर्ने हुन्छ । तसर्थ बजेटलाई फ्रिज गर्नुभन्दा राम्रो समुदायको हीतमा काम गरेर एउटा नमूना कार्यको उदाहरण प्रस्तुत गर्न सबै जनप्रतिनिधी तथा सरोकारवालाले बेलैमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नौटंकीका दृश्यहरु नेपाली राजनीतिमा



**अमरनाथ मण्डल**

देशको अमुल परिवर्तनसँगै प्रजातन्त्र गणतन्त्रको स्थापना तत्पश्चात नेपाली जनताले प्रजातान्त्रिक विचार धाराका तथा गणतन्त्र विचारधाराका नेताहरुसँग धेरै आशा र अपेक्षा गरेका थिए । प्रजातान्त्रिक सरकारबाट प्रजातन्त्रको अभाष हुनु प्रजातान्त्रिक देशको मुल्य आधार रहेको छ । तर अहिले नेकपाका सरकार र सरकारमा रहेका आसिन राजनैतिक व्यक्तिहरुको रवैया के रहेछ भने कसैसँग लुकेको र छुपेको छैन । वर्षौं देखि स्थापित राजतन्त्रलाई समाप्त पारी प्रजातन्त्र र गणतन्त्रको स्थापनामा नेपाली जनताले खेलेको भुमिकाको मर्म र भावना अहिलेका राजनीतिक शक्तिहरु विर्सेर नेपालका राजनैतिक स्थितिलाई विचलनमा धरापमा पुऱ्याएका छन् ।

सैयौं सहिदहरुको बलिदानी पश्चाताप लामो समयको बाबजुद कैयौं नेताले मेलजुल खेप्नु परेको अवस्थामा जनताले प्रजातन्त्र स्थापना पछि नेपाली विकासमा ठूलो फड्को मार्नु आशा पलाएर बसेका थिए । हातमुख जोग्ने देखि लिएर विकासका आयामहरु संचालन हुने आर्थिक क्षेत्रमा दिन प्रति दिन उन्नती हुने सामाजिक तथा राजनैतिक परिवेशले फड्को मार्ने शिक्षा क्षेत्र अगाडी बढ्ने नेपाली जनतालाई आफ्नै देशमा रोजगार पाउने कृषि क्षेत्रलाई वैज्ञानिक तरिकाबाट उत्पादित स्थल बनाउने जस्ता अनेकौं सपना बोकेका नेपाली जनताहरुको ती सपनाहरु सपनैमा नै केन्द्रिकृत बन्दै गइरहेको छ ।

अहिले पूर्ण बहुमतको सरकार तत्कालिन नेकपा एमाले र नेकपा माओवादी मिली नेकपा बनेको पार्टी पाएका छन् । बहुमतको आधारमा विकासीय परिपाटीहरुलाई अगाडी बढाउने जनताको अभिलाषाको कारणले जनताले बहुमतको रुपमा नेकपालाई जिताएका थिए । नेकपाका सरकार अहिले देशमा रहेको छ । प्रधानमन्त्री केपी ओली रहेका नेकपा भित्रका शक्तिशाली नेता पुष्पकमल दाहाल प्रचण्ड, माधव नेपाल तथा झलनाथ खनाल र बामदेव गौतम जस्ता शक्तिशाली नेताहरुको पक्षमा रहेका नेताहरु सरकारमा रहेका छन् । यस्तो अवस्थामा पूर्ण बहुमतको सरकारले नेलम्ची खानेपानीबाट काठमाण्डौमा पानी चाँडै पुऱ्याउने पानी जहाज संचालन गर्ने रेल संचालन गर्ने विकासका नयाँ परिपाटीलाई स्थापना गर्ने जस्ता अनेकौं सपना देखाई जनतालाई ठग्ने काम गरिरहेका सन्दर्भमा नेकपा भित्र रहेका सरकारमा सहभागी मन्त्रीहरु भ्रष्टाचारको प्रकरणहरुमा मुछिएको कारण कतिपय मन्त्रीहरुलाई राजीनामा समेत दिनु परेको अवस्था देखिएको थियो । त्यस्तै संघर्षको लडाईमा आफ्नो अधिकार प्राप्तीको लागि लडिरहेको मधेशी जनताहरुको छातीमा गोली हान्न तथा मधेशी जनताहरुलाई तिरस्कार गर्ने तथा मधेश आन्दोलन जस्ता प्राप्तिको लडाईलाई भारत जस्तो छिमेकी देशको इसारामा भइरहेको दोषारोपण गर्दै केपी ओली अहिले प्रधानमन्त्रीको पदमा आसिन रहेका छन् । सम्पूर्ण देशको न्यायोचित मागको लागि सबै वर्गले आफ्नो अधिकार माग्नु अपराध होइन । बरु प्रजातन्त्रको जड बमबुत पार्ने अभ्यास रहेको देखिन्छ । तर अहिलेका प्रधानमन्त्री केपी ओलीले त्यस बेला सप्तरी लगायत मधेशका जिल्लाहरुमा चलिरहेको मधेश आन्दोलनलाई निरुत्साहित पार्ने उद्देश्यले शान्तिको अभियान लिई त्यही केपी ओली सप्तरीमा गोली चलेको माध्यम बनेका थिए ।

यी यावत समस्याहरुको बीच अहिलेको सरकारले नत भ्रष्टाचारलाई नियन्त्रण गर्न सकिरहेको छ । न त देशका आर्थिक तन्त्रलाई सबल बनाउन सक्षम भईरहेका छन् । त्यस्तै अहिले सम्पूर्ण देश कोरोना भाइरसको प्रकोपबाट पूर्ण रुपमा जोखिममा रहेको अवस्थामा नत क्वारेन्टाइनको व्यवस्थापनलाई व्यवस्थापन गर्न सकिएको छ न त अस्पतालहरुमा आइसोलेसनको पूर्ण व्यवस्थापन भएको छ । अहिले कोरोना भाइरस बढ्दै जानु नेपाल जस्तो सानो मुलुकको लागि तथा अति गरिब मुलुकको लागि ठूलो जोखिम रहेको अवस्थामा सम्पूर्ण देशका नै नेतृत्व गरिरहेका नेकपाका सरकार र त्यसका मुखिया केपी ओली लगायत नेकपाका अर्का अध्यक्ष प्रचण्ड तथा त्यस्तै अर्का नेता माधव नेपाल झलनाथ खनाल जस्ता नेकपाका कर्णधारहरु आपसमा लडी सरकारको सवालहरुमा एक आपस बीच बाँध्नु र सम्पूर्ण देशलाई नै हरेक क्षेत्रमा यसको असर पार्नु कतिको अहिलेको सन्दर्भ रहेको छ । यसको मुल्यांकन नेपाली जनताले गरिरहेका छन् ।

जब जब देश संकटमा रहन्छ तब तब यी नेताहरुले आपसमा झगडा गरी नौटंकी गरिरहेका देखिन्छ । यसको मुल्य रहस्य के रहेछ भने अरु क्षेत्रबाट पीरमा परेका नेपालीहरु सरकारको चरणम विरोधको अवस्थामा यी नौटंकीहरु हुने गरेको कारण नेपाली जनताको ध्यान सरकारमा रहेका नाटककर्मीहरु माथि नै जान्छ । जसले गर्दा केही दिनको लागि सरकार र सरकारमा रहेका पार्टी स्थिर रुपमा आउँछ । यिनीहरुको यही पाराले अबका दिनमा देश झन् संकटमा पर्ने देखिन्छ । अब नेपाली जनताहरु सचेत भएका छन् यिनीहरुको नौटंकीतिर नेपाली जनताको ध्यान नगई नेपाली जनताले अहिलेको यावत समस्याहरु कोरोना भाइरस नियन्त्रण तथा रोकथाम क्वारेन्टानहरुको व्यवस्थापन लगायत देशको आर्थिक तन्त्र र सबल र भ्रष्टाचारको नियन्त्रण जस्ता सवालहरुमा नेपाली जनताहरु केन्द्रिकृत भएका छन् । अहिले वैवाहिक अंगीकृत नागरिकता सवाहरु नेकपा पार्टी भित्र नेताहरुबाट सरकारको विरोध हुनु भारत पक्षबाट सरकारलाई असहयोग हुनु भारतसँगको मित्रतामा कटुत्ता आउनु नेपालको जग्गा अतिक्रमण हुनु लगायतका सवालहरुमा ओल्झिएका सरकार एउटा प्रधानमन्त्री कुर्सीको मात्र केन्द्रिकृत बनाई विवादमा बाँझिएका अवस्थाले सम्पूर्ण देशको हरेक गतिविधिमा असर पुऱ्याएका छन् । एउटा उखानलाई चारितार्थ गर्दै *"म कुटे जस्तो गर्दैछु, तिमी कराई जस्तो गर्दै जानु"* उखानलाई सरकार र सरकारमा रहको पार्टीका नेताहरुले अहिले गरिरहेका छन् । एउटा निश्चित राजनीतिक परिवेशको आधार हेर्दा नेकपाका नेताहरुले र प्रधानमन्त्री ओलीले नत्र राजीनामा दिन्छ । नेकपा फुट्छ ।

यी सबै नाटकहरु नौटंकीहरुको कारणले गर्दा सम्पूर्ण देशको हरेक तन्त्र अहिले निष्क्रिय भएका छन् । यसको समाधानको लागि नेपाली जनताहरुको आवाज उठ्नु पर्ने बुद्धिजिवी तथा राजनीतिकहरु सरकार र सरकारमा रहेका पार्टीलाई कुर्सीको मोह छोडीजटिलता परिस्थितिमा देश तिर र देशको सम्पूर्ण षड्यन्त्र तिर ध्यान केन्द्रित गर्न सरकारलाई दवाव दिनुपर्ने अहिलेको अवस्था जटिल देखिन्छ ।

# बैंकलाई 'ब्रोकर लाइसेन्स' दिन सुझाव

काठमाडौं, २३ असार (रासस) ।

मुलुकको धितोपत्र बजारलाई थप प्रभावकारी र अन्तर्राष्ट्रियस्तरको बनाउने लक्ष्यसाथ संसदको अर्थ समितिले गठन गरेको उपसमितिले मंगलबार प्रतिवेदन पेश गरेको छ । समितिका सदस्य रामकुमारी झाँक्री संयोजक, प्रमिला राई, मेटमणि चौधरी, रामबाबु कुमार यादव र हेमकुमार राई सदस्य रहेको उपसमितिले झण्डै एक वर्ष लगाएर अध्ययन गरेको प्रतिवेदन मंगलबार पूर्ण समितिमा पेश भएको हो ।

समितिले २०७६ साउन २९ गते उक्त उपसमिति गठन गरेको थियो । पूँजी बजार र मुद्रा बजारसँग सम्बन्धित समस्या, ती समस्या सिर्जना हुनाका कारण, सम्बन्धित निकायबाट भइरहेको कामकारबाही र समाधानका लागि गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवस्थापकीयलगायत विषयमा सुझावसहितको पेश गर्ने लक्ष्यका साथ उपसमिति गठन भएको थियो ।

उपसमितिले लामो समयदेखि माग हुँदै आएको नेपाल राष्ट्र बैंकबाट 'क' मान्यता प्राप्त वाणिज्य बैंक र 'ख' वर्गका विकास बैंकलाई समेत शेयर कारोबार गर्नेगरी 'ब्रोकर लाइसेन्स' दिने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ । धितोपत्रको दोस्रो बजारको पुहँच देशव्यापी बनाउने लक्ष्यका साथ बैंकले सहायक कम्पनी स्थापना गरी धितोपत्र दलाल व्यवसायी सेवा दिन सक्ने उपसमितिको प्रतिवेदनमा उल्लेख छ ।

वाणिज्य बैंकले सहायक कम्पनी स्थापना गरी धितोपत्र दलाल व्यवसायको अनुमति दिनुभन्दा पहिले केही प्रश्नहरूको भने सम्बोधन गर्नुपर्ने सुझाव दिएको छ । त्यसमा सहायक कम्पनी र मुख्य कम्पनीबीचको अन्तरसम्बन्ध तथा शेयर खरिद बिक्री कारोबारको सीमा के हुने, भित्री कारोबारलाई नियन्त्रण वा निरुत्साहन गर्न कानूनी व्यवस्था पर्याप्त भए/नभएको स्पष्ट पार्नुपर्ने छ ।

कारोबारको पहिचान गर्न नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा अन्तर्राष्ट्रियस्तरको स्वचालित बजार सुपरीवेक्षण प्रणालीको व्यवस्था भए/नभएको समेत हेर्नुपर्नेछ । वास्तविक समय अनुमान गर्न आवश्यक संयन्त्र भए/नभएको, धितोपत्र बजारमा वास्तविक क्षेत्रको हिस्सा कति प्रतिशत हुनुपर्ने जस्ता जिज्ञासाको सम्बोधन गर्नुपर्ने उपसमितिको ठहर छ ।

यस्तै बैंकका शाखाले नै सहायक कम्पनीको काम गर्ने वा सहायक कम्पनीका अलग शाखाहरू देशव्यापी रुपमा सञ्चालन हुने स्पष्ट व्यवस्था गर्नुपर्ने छ । पूर्ण स्वचालित प्रणालीमा जाँदा ब्रोकरको सङ्ख्या घटाउनु वा बढाउनु के गर्नुपर्ने हो र एउटै दलाल व्यवसायीले शेयर खरिद बिक्री गर्ने वा नगर्ने र गर्ने भएमा त्यसका कस्तो सुरक्षात्मक प्रविधिको व्यवस्था गर्नुपर्ने स्पष्ट हुनुपर्नेछ ।

वाणिज्य बैंकका सहायक कम्पनीलाई ब्रोकर अनुमति दिँदा नियामक निकाय नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्ड हुने भएकाले कसरी व्यवस्थित गर्ने र हालका धितोपत्र व्यवसायीले तोकिएको परीक्षा दिई उतीर्ण भएको आधारमा ब्रोकर अनुमति पाउने व्यवस्था रहेकामा बैंकको सहायक कम्पनीलाई यो व्यवस्था कसरी लागू गर्ने भन्ने जिज्ञासाको समेत उत्तर दिनुपर्ने उपसमितिले औंल्याएको छ ।

लगानीकर्ताको लगानी सुरक्षित हुने र पूँजीबजारको अवस्थामा बृद्धि र विस्तार हुने वातावरण सिर्जना भएपश्चात अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेप्सेलगायतका निकायले आवश्यक तयारी गरी वाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र दलाल व्यवसाय अनुमतिपत्र दिने निर्णय गर्नु उचित हुने उपसमितिले निष्कर्ष निकालेको छ ।

*बाँकी तीन पृष्ठमा*

# लागुऔषध प्रयोगकर्ताको वृद्धिदर घट्यो : संख्या बढ्यो

काठमाडौँ, २३ असार (रासस)।

मुलुकमा लागुऔषध प्रयोगकर्ताको सङ्ख्या केही वृद्धि भए पनि वृद्धिदर घटेको छ। गृहमन्त्रालयले केन्द्रीय तथ्याङ्क विभागसँगको सहकार्यमा गरेको अध्ययनले यसपटक वृद्धिदर आधाभन्दा बढीले घटेको देखिएको हो।

मंगलबार यहाँ सार्वजनकि प्रतिवेदनअनुसार यसपटक औषत वृद्धिदर पाँच दशमलव ०६ प्रतिशत मात्रै रहेको छ। विसं २०६३ देखि २०६९ को विवरणमा वृद्धिदर औषत ११ दशमलव ३६ प्रतिशत थियो। नमूना सर्वेक्षणमा यसपटक मुलुकभर कूल एक लाख ३० हजार ४२४ प्रयोगकर्ता भेटिएका छन्। विसं २०६९ मा प्रयोगकर्ताको सङ्ख्या ९१ हजार ५३४ थियो। सङ्ख्यात्मक रुपमा भने पाँच वर्षमा ३८ हजार ८९० प्रयोगकर्ता थपिएका छन्। लागुऔषध प्रयोगकर्ताको सवालमा मुलुकमा गरिएको यस तेस्रो सर्वेक्षण हो। यसअघि विसं २०६३ र विसं २०६९ मा सर्वेक्षण गरिएको थियो। विसं २०६३ मा ४६ हजार ३०९ जना प्रयोगकर्ता थिए।

विसं २०७६ को कात्तिक र मङ्सिरमा प्रत्यक्षरुपमा प्रयोगकर्तालाई भेटेर पहिलो पटक प्रविधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको मन्त्रालयका लागुऔषध नियन्त्रण शाखाका प्रमुख झङ्कनाथ ढकालले जानकारी दिनुभयो।

नेपालमा लागुऔषध प्रयोगको ढाँचा, जोखिम र दुरुपयोगबाट हुने असर कम गर्नका लागि प्रमाणमा आधारित नीति तथ कार्यक्रम तर्जुमा गर्न यसरी अध्ययन गरिएको थियो। अप्रत्यक्ष गुणक विधिबाट ४३ जिल्लाका दुई हजार प्रयोगकर्तालाई भेटेर सर्वेक्षण गरिएको उहाँले जानकारी दिनुभयो।

विगतमा प्रतिदिन २१ जना प्रयोगकर्ता थपिने गरेको थियो। यसपटकको अध्ययनमा उक्त तथ्याङ्क घटेर प्रतिदिन १५ जना मात्रै प्रयोगकर्ता थपिने गरेका पाइएको अध्ययनमा सहभागी केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक नेविनलाल श्रेष्ठले जानकारी दिनुभयो। यसपटकका अध्ययनमा प्रयोगकर्ताको उमेर, लिङ्ग, शिक्षा, प्रयोग गर्ने लागुऔषध, प्राप्त गर्ने श्रोत तथा सेवनको विधिजस्ता विषयसमेत प्रष्ट रुपमा देखाएको छ।

प्राप्त विवरणअनुसार प्रयोगकर्तामध्ये एक लाख २१ हजार ६९२ (९३ दशमलव तीन प्रतिशत) पुरुष रहेका छन्। पुरुष प्रयोगकर्ताले एकान्त ठाउँलाई बढी रोज्ने गरेको पाइएको छ। एकाउन्न प्रतिशत एकान्त ठाउँमा गएर प्रयोग गर्ने गरेका छन्। पैँतिस प्रतिशत महिलाले एकान्त ठाउँ रोज्ने गरेको पाइएको छ।

कार्यक्रममा गृहमन्त्री रामबहादुर थापाले वृद्धिदर घटनु खुशीको कुरा भएको उल्लेख गर्दै अझै प्रयोग घटनाउन प्राप्त प्रतिवेदनको आधारमा नयाँ रणनीति र योजनाका साथ अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो।

गृहमन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले लागुऔषध प्रयोग गम्भीर सामाजिक समस्या भएको उल्लेख गर्दै यसपटकको प्रतिवेदनले प्रयोग रोक्नआवश्यक नीति निर्माणका लागि सहयोग पुग्ने बताउनुभयो।

**'टिन एज' मै लागुऔषधको प्रयोग**

लागुऔषध प्रयोगकर्ता 'टिन एज' अर्थात २० वर्षभन्दा कम उमेर मै पहिलोपटक प्रयोग गर्ने गरेको तथ्य खुलेको छ। प्रतिवेदनअनुसार शुरुमा गाँजाजन्य पदार्थबाट प्रयोग थालेको पाइएको छ। सबैभन्दा बढी प्रयोग गर्ने पदार्थसमेत गाँजा रहेको प्रतिवेदनमा उल्लेख छ।

कूल मध्य ८८ प्रतिशतले पहिलो पटक गाँजा प्रयोग गरेका थिए। अधिकांशले सुँघ्ने पदार्थ पनि प्रयोग गर्ने गरेको पाइएको छ। उत्तेजनात्मक पदार्थ प्रयोग गर्नेमा ४६ प्रतिशत रहेको छ। उनीहरू मध्ये ८४ दशमलव सात प्रतिशतले गाँजा प्रयोग गर्ने गरको छन्। यस्तै ७३ प्रतिशतले आनन्ददायक पदार्थ, ४६ दशमलव छ प्रतशतले अफिमजन्य पदार्थ प्रयोग गर्ने गरेको पाइएको छ।

प्रतिवेदनअनुसार बेरोजगार युवा बढी दुर्व्यसनमा फसेको पाइएको छ। कुल प्रयोगकर्तामध्य १५ देखि २९ वर्षका युवाले बढी लागुऔषध प्रयोग गर्ने गरेका छन्। त्यसमध्य ३९ दशमलव सात प्रतिशतले बेरोजगारीका कारण कुलतमा फसेको प्रतिक्रिया दिएका छन।

यस्तै लागुऔषध प्रयोग गर्ने अन्यमा व्यापार गर्ने १५ दशमलव ९, दैनिक ज्यालादारीमा काम गर्ने १५ दशमलव छ, नोकरी गर्ने ११ दशमलव सात प्रतिशत रहेका छन्।

यस्तै अध्ययन गर्ने ८ दशमलव ७, वैदेशिक रोजगारी गर्ने ४ दशमवल १ प्रतिशतले लागुऔषध प्रयोग गर्ने गरेका छन्।

यसपालि प्रदेशगत रुपमा समेत प्रयोगकर्ताको सर्वेक्षण गरिएको छ। सर्वेक्षाणको प्रतिवेदनअनुसार सबैभन्दा बढी वाग्मती प्रदेशमा प्रयोगकर्ता रहेको पाइएको छ। वाग्मती प्रदशेमा कूलमध्ये ३५ दशमलव छ प्रतिशत छन्। सबैभन्दा कम कर्णाली प्रदेशमा एक दशमलव चार प्रतिशत प्रयोगकर्ता छन्।

गाँजाजन्य पदार्थ प्रयोग गर्दा उनीले रु ९२ खर्च गर्ने गरेका पाइएको छ। त्यसपछि सुँघ्ने पदाथका लागि रु १२४, आनन्ददायक पदार्थका लागि रु ५७४, अफिमजन्य पदार्थका लागि रु ८६९, उत्तेजनात्मक पदार्थका लागि रु एक हजार ८९० र भ्रमात्मक पदार्थका लागि रु दुई हजार १९५ सम्म खर्च गर्ने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**सिरिन्ज साटासाट गर्दा रोग सङ्क्रमण**

प्रतिवेदनमा सबैभन्दा बढी सिरिन्ज साटासाट गर्नेमा रोगको सङ्क्रमण बढी देखिएको छ। झण्डै ९३ प्रतिशतले सिरिन्ज साटासाट गर्दा एचआइभी, हेपाटाइटिसलगायत अन्य रोग सरेको पाइएको छ। सुईको माध्यमबाट लागुऔषध प्रयोग गर्ने २९ दशमलव तीन प्रतिशत छन्। सबैभन्दा बढी साथीभाइको सङ्गत र लहैलहैमा प्रयोग गर्ने गरेको समेत फेला परेको छ। यसरी प्रयोग गर्नेमा ८४ दशमलव चार प्रतिशत रहेको छ।

प्रयोगकर्ताले लागुऔषध प्रयोगबाट मुक्त गर्नलाई रोजगारी सिर्जना गर्नुपर्ने र निःशुल्क उपचार सेवा दिनुपर्ने प्रतिक्रिया दिएका छन्। सर्वेक्षाणअनुसार जीवनस्तरमा सुधार गर्न के गर्नुपर्छ भन्ने एउटा प्रश्नमा ४७ दशमलव दुई प्रतिशतले सरकारले रोजगारीको अवसर सिर्जना गर्नुपर्ने बताएका छन्। यस्तै ३६ प्रतिशतले सरकारले निःशुल्क उपचार सेवा दिनुपर्ने बताएका छन्। प्रयोगकर्तामध्ये ३९ दशमलव दुई प्रतिशतले सीमानाकाको निगरानी गरी आयातमा रोक लगाउनुपर्ने सुझाव पनि दिएका छन्।

# सरिता गिरीलाई पार्टीबाट निष्कासन गर्ने निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ असार।**

समाजवादी पार्टीले सरिता गिरीलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको छ। पार्टीबाट निष्काशन सँगै उनी सांसद पद समेतबाट पदमुक्त हुनेभएकी छन्।

पार्टीको निर्देशन विपरीत लिम्पियाधुरासहितको भूभाग समेट्ने गरी भएको संविधान संशोधन प्रस्तावलाई सच्याउनुपर्ने भन्दै संशोधन दर्ता गरेको र राष्ट्रहित विपरीत अभिव्यक्ति दिएको भन्दै उनलाई दुवै पदबाट निष्कासन गर्ने निर्णय गरिएको सो पार्टीले जनाएको छ।

गिरीले संविधान संशोधन दर्तागरेसँगै पार्टीले उनलाई फिर्ता लिन भनेपनि गिरीले मानेकी थिइन्। उनको संशोधन सभामुखले राष्ट्रहित विपरित रहेको ठहर गर्दै खारेज गरिदिएका थिए।

कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको नक्सामा समेटिएपछि उनले संसद र संसद बाहिर पनि त्यसको विरुद्ध अभिव्यक्ति दिँदै आएकी थिइन्।

# लागुऔषधसहित दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २३ असार।**

सिरहाको छुट्टाछुटै स्थानबाट प्रहरीले प्रतिबन्धित लागुऔषधसहित दुई युवकलाई पक्राउ गरेको छ।

प्रहरीचौकी कचनारीबाट खटिएको प्रहरी टोलीले सिरहाको बरियारपट्टी गाउँपालिका १ बडहरीबाट जिल्लाको सखुवानान्कारकट्टी गाउँपालिका ३ निवासी २८ वर्षीय कुष्णदेव यादवलाई पक्राउ गरेको हो।

भारतीय बजारबाट पैदल आउँदै गरेका यादवलाई शङ्का लागेर जाँच गर्दा लागुऔषध डाइलेक्स डिसी १०० एमएलको ४७ बोतल बरामद भएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

यसअघि सोमबार प्रहरीले लागुऔषधसहित गोलबजार नगरपालिका ४ निवासी ४२ वर्षीय मनोजकुमार साहलाई पक्राउ गरेको थियो। आफ्नै घर कोठामा प्रतिबन्धित लागुऔषध बिक्री वितरण गरिरहेको अवस्थामा गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारले पक्राउ गरेको थियो।

प्रहरीले लागुऔषध डाइलेक्स डिसी ६७ बोतल, नाइट्रोभेट टचाब्लेट १ सय ६५ थानसहित साहलाई पक्राउ गरेको जनाएको छ।

### *निकास नहुँदा ...*

बनेकी एकल महिला सरिता झाले घरमा भएभरको खाद्यान्न नष्ट भई भोकभोकै बस्न बाध्य भएको पीडा सुनाइन्। उनले १० कट्ठा जग्गामा लगाएको धान खेती पनि वर्षाको पानी जमेर नष्ट भएको बताइन्।

यता तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंहले वर्षायाममा प्रत्येक वर्ष आउने यस्ता समस्याप्रति आफू गम्भिर रहेको बताएका छन्। उनले सकरपुरा गाउँका दुई पक्षको आ-आफ्नै अडानका कारण यसको स्थायी समाधान गर्न समय लागेको बताए। खाँडो नदीका कारण पुरै तिलाठी गाउँ वर्षेणी डुवानमा पर्ने गरेकाले अहिले त्यसलाई नियन्त्रण गर्ने कामलाई पहिलो प्राथमिकतामा राखेको उनको भनाई छ।

### *बैंकलाई 'ब्रोकर ...*

त्यस्तै सानो पूँजी तथा न्यून शेयरधनी रहेको कम्पनीको धितोपत्र कारोबारका लागि छुट्टै व्यवस्था गर्न उपसमितिले सुझाव दिएको छ। बोर्ड र नेप्सेमा कार्यरत कर्मचारीलाई शेयर बजारको स्वच्छताका लागि साधारण शेयरमा समेत पहुँच नपुग्ने व्यवस्था मिलाउन सुझाएको छ। ती संस्थाका कर्मचारीको हालसम्म कायम रहेको शेयरको बारेमा समेत सार्वजनिक गर्नुपर्ने सुझाव उपसमितिले दिएको छ।

उपसमितिको प्रतिवेदन छिट्टै छलफलमा ल्याई आवश्यक निष्कर्ष निकालिने समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी दिनुभयो।

## विश्व समाचार

# भारतमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख नाघ्यो

नयाँ दिल्ली, २३ असार (रासस/एएनआइ)।

भारतमा गत २४ घण्टामा कोभिड-१९ का २२ हजार २५२ नयाँ बिरामी थपिएपछि संक्रमितको सात लाख नाघेको छ। भारत हालसम्म कुल संक्रमितको संख्या ७ लाख १९ हजार ६६५ जना पुगेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ।

विगत २४ घण्टामा भारतमा थप २२ हजार २५२ व्यक्तिमा संक्रमण पुष्टि भएको र ४६७ संक्रमितको मृत्यु भएपछि कोरोना भाइरसबाट २० हजार १६० जनाको मृत्यु भएको मन्त्रालयद्वारा सार्वजनिक गरिएको प्रेस विज्ञप्तिमा जानकारी गराइएको छ। विज्ञप्तिका अनुसार मङ्गलबार बिहानसम्म ४ लाख ३९ हजार ९४८ सङ्क्रमित निको भई अस्पतालबाट घर फर्किएका छन्।"

मङ्गलबारसम्मको विवरणअनुसार भारतमा अझै २ लाख ५९ हजार ५५७ व्यक्तिले सङ्क्रमित रहेका छन् भने उनीहरू देशभरका सयौं अस्पतालमा उपचार गराइरेहका छन्।

भारतमा कोरोना भाइरसका कारण सबभन्दा बढी प्रभावित महाराष्ट्र राज्य रहेको छ र यहाँ २ लाख ११ हजार ९८७ संक्रमित भएकामा ८७ हजार ६७७ अझ संक्रमित अवस्थामा नै रहेका छन्। महाराष्ट्रमा १ लाख १५ हजार २६२ जना निको भएका छन्। त्यसैगरी महाराष्ट्रमा कोरोना भाइरसको संक्रमणको कारण ९ हजार २६ जनाले ज्यान गुमाएका छन्। दोस्रो स्थानमा तमिलनाडु रहेको छ र यहाँ १ लाख १४ हजार ९७८ जना संक्रमित रहेका छन्। तेस्रो स्थानमा राष्ट्रिय राजधानी समेत रहेको दिल्ली प्रदेश रहेको छ। एक लाख ८२३ जनामा कोरोना भाइरस संक्रमण रहेको छन।

भारतमा अहिले लकडाउनलाई खुकुलो पार्दै कोभिड-१९ विरूद्धको दोस्रो चरणको अभियानलाई अभ्यासमा ल्याइएको छ। भारतीय नागरिक उड्डयन प्राधिकरणले यही जुलाई ३१ सम्मका लागि व्यवसायिक अन्तराष्ट्रिय उडानलाई सञ्चालनमा नल्याउने जानकारी गराएको छ भने भारतीय बजारमा निश्चित मापदण्ड तोकी बजारलाई चलायमान बनाउन संक्रमणको अवस्था हेरी सामाजिक दूरी कायम गरी पसल तथा उद्योगलाई सञ्चालनमा ल्याएको छ।

# जापानमा बाढीका कारण मृत्यु हुनेको संख्या ५० पुग्यो, दर्जनौं अझै बेपत्ता

टोकियो, २३ असार (रासस-एपी)।

जापानको दक्षिणी नगरहरुमा भारी वर्षासँगै आएको बाढी र पहिरोका कारण ५० जनाभन्दा बढीको मृत्यु भएको छ भने दर्जनौं व्यक्ति अझै बेपत्ता भएका छन्। सेना सहितका उद्धारकर्ताहरुले मंगलबार बिहानैदेखि उद्धार र बेपत्ता मानिसको खोजीलाई तिब्र बनाएका छन्।

जापानको दक्षिणी क्षेत्र क्युसुमा गत शुक्रबारदेखिको भिषण वर्षाका कारण बाढीले व्यापक जनधनको क्षति गरेको अधिकारीहरुले बताएका छन्। मौसम पूर्वानुमान विभागका अनुसार क्युसुलाई केन्द्रविन्दु बनाएर अझै ठूलो वर्षा हुने देखिएको छ।

जापानको पश्चिमी आधाजसो भागलाई प्रभावित तुल्याएको वर्षा पूर्वी क्षेत्रतर्फ अघि बढेको देखिएको छ। फुकुओकामा जापानी सेनाले मानिसलाई निकै जोखिमका साथ घरघरबाट उद्धार गरिरहेका दृश्यहरु स्थानीय टेलिभिजनले प्रशारण गरिरहेका छन्। फुकुओकामा एक अधवैंसे महिला आफ्ना परिवारजनको उद्धारका लागि गए पनि बाढीको पानी उनको घाँटीसम्म पुगेको थियो।

विपद व्यवस्थापन विभागले कुमामोतोको नदी किनारा क्षेत्रबाट मात्र ४९ जनाको शव निकालिएको जनाएको छ। अर्की एक वृद्धा भने घरभित्रै मृत अवस्थामा भेटिएकी थिइन्। जापानको तेस्रो ठूलो द्वीपको रुपमा रहेको क्युसुबाट करिब ३० लाख मानिसलाई अन्यत्र सुरक्षित स्थलमा जान सरकारले आदेश दिएको छ।

हाल उद्धार कार्यमा दशौं हजार सेना, प्रहरी र अरु उद्धार कार्यकर्ता अहोरात्र खटिएका छन्। खासगरी कुमा नदीको आसपासमा बाढी र पहिरोले सबैभन्दा बढी क्षति गरेको छ। उद्धारकार्यमा निरन्तरको वर्षासँगैको बाढीले अबरोध गरिरहेको स्थानीय अधिकारीहरुले बताएका छन्।

# कोरोनाभाइरसको महामारीकै बीच पर्यटकका लागि दुबई खुल्यो

दुबई, २३ असार (रासस-एपी)।

कोरोनाभाइरसको महामारीकै बीच खाडी राष्ट्रमा किनमेल र पर्यटनका लागि निकै लोकप्रियता हासिल गरिसकेको दुबई पर्यटकका लागि मंगलबारदेखि खुलेको छ। यहाँ ठुल्ठूला सपिङ मलमा फ्रान्सेली फुटबल टिमका जर्सीदेखि अनेक सामानको किनबेच हुन थालेको छ। पर्यटक आवागमनको अनिश्चितता र कोरोनाभाइरससँग अझै धेरै मुलुकहरु जुधिरहेको अवस्थामा यहाँका ठूला सपिङ मल र पर्यटकीय गन्तव्यहरु खुला गरिएका छन्। पछिल्लो समय दुबईको मुख्य आम्दानीको स्रोत पर्यटन पनि हो। दुबई सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्न यहाँको सरकारले प्रयास थालिसकेको छ। नजिकिँदै गएको हिउँदे महिनामा पर्यटकलाई यहाँ आमन्त्रण गर्न दुबईले तयारी थालेको छ।

# गरिब, असाहयलाई राहत सहयोग जारी



**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

सप्तरीका विपन्न समुदायलाई एक गैरसरकारी संस्थाले राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिएका छन् ।

लामो समयको लकडाउनले समस्यामा परेका ती विपन्न समुदायलाई क्रियसन नेपाल नामक संस्थाले कोलाकोला फाउण्डेशनको सहकार्यमा सामाग्रि प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको हो ।

गरिब असाहय ९१ परिवारलाई चामल, दाल, चिनि, चना, सोयाबिन, मास्क, साबुनका साथै जिवनजल, सिटामोल, लगायतका राहत सामाग्रि मंगलबार बितरण गरेको संस्थाले जनाएको छ ।

गरिब, असहायलाई लक्षित गरि थालिएको राहत बितरण कार्यक्रम अझै केही दिन जारि रहने क्रियसन नेपालकी प्रतिनिधि अभिलाशा सिंहले बताइन् । यसअघि सोमबार पनि संस्थाले १ सय ३ गरिब, असहाय परिवारलाई खाद्यान्न तथा राहतका सामाग्रि बितरण गरेको थियो ।

सामाजिक दुरी कायम गर्दै थालिएको कार्यक्रममा क्रियसन नेपालकी अर्का प्रतिनिधि बन्धना मिश्र, पत्रकार महासंघ प्रदेश २ का पार्षद मनोज कुमार माझि, ब्रहामन सेवा समाजका अध्यक्ष विवेकानन्द मिश्र, केन्द्रिय सदस्य सतिशचन्द्र झा, सचिव अजित ठाकुर लगायतले राहत बितरण गरेका थिए ।

## सप्तरीमा १ सय ४९...

६८ जना संक्रमित भएको तथा ७ हजार ४ सय ९९ जना कोरोनाबाट निको भइ घर फर्किएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यस्तै हालसम्म ३५ जनाको कोरोनाबाट मृत्यु भइसकेको जनाइएको छ ।

## चार जिल्ला ...

संक्रमित नरहेको भन्दै ती जिल्लाहरुलाई "कोरोना फ्रि" जिल्ला घोषणा गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. जोगेश्वर गौतमले तेह्रथुम, भोजपुर, सोलुखुम्बु र हुम्लामा अहिले कोरोना संक्रमित नरहेको भन्दै "कोरोना फ्रि" जिल्ला घोषणा गरेको जनाएका छन् ।

# सुत्केरी, गर्भवती महिलालाई चल्ला बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई हाँसको चल्ला बितरण गरिएको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका र युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई हाँसका चल्ला बितरण गरिएको हो ।

पहिलो चरणमा गाउँपालिकाले वडा ५, ६, ७ र ८ मा गर्भवति र सुत्केरी महिलाहरूलाई चल्ला बितरण गरेको वडा नं. ८ का अध्यक्ष लक्ष्मी खंगले जानकारी दिएका छन् । तोपाका ४० जना सुनौलो हजार दिनका गर्भवति तथा सुत्केरी महिलाहरूलाई हाँसका चल्ला बितरण गरेको उनले बताए ।

गरिव बिपन्न, सुनौलो हजार दिनका महिलाहरूका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमका कारण ब्यवहारमा परिवर्तन हुन थालेपछि उनीहरू उत्साहित हुँदै गएको बहुक्षेत्रिय पोषण योजना कार्यक्रमका संयोजक शैलेश मिश्राले जानकारी दिए ।

# ६ सय ५० परिवार मुसहर र डोम समुदायलाई खाद्यान्न वितरण

**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. २ का १ सय ३५ घर मुसहर र डोम समुदायलाई मंगलबार खाद्यान्न वितरण गरिएको छ ।

दलित सरोकार मञ्च कञ्चनरुप र व्योम कुसुमा बुद्धधर्म संघका विद्याधर आचार्य महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा सो राहत बितरण गरिएको हो ।




१८ डोम र १ सय १७ मुसहर समुदाय परिवारलाई राहत वितरण गरिएको मञ्चका अध्यक्ष युक्तिलाल मरिक डोमले जानकारी दिएका छन् ।

एक सय ८० घरलाई राहत वितरण गर्ने लक्ष्य रहेकोमा १ सय ३५ घरलाई वितरण गरिएको र थप ४५ घरलाई अर्कोदिन वितरण गर्ने अध्यक्ष मरिकले भनाई छ ।

यसअघि मञ्चले महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा कञ्चनरुप नगरपालिकामा चार सय ७२ घरधुरी डोम,४ मुसहर, राम र पासवान समुदायलाई राहत वितरण गरिएको संस्थाका अध्यक्ष मरिक डोमले बताए ।


राहतमा उसिना चामल २५ किलो, गहुँको पिठो ५ किलो, दाल ३ किलो, सोयाविन ३ किलो, साबुन ४ थान र नुन २ प्याकेट वितरण गरिएको छ ।

२०७६ चैत ११ गतेदेखी जारी लकडाउनका कारण दलित समुदायभित्र पनि सिमान्तकृत मुसहर समुदायलाई पहिलो प्राथमिकतामा राखेर राहत वितरण गरिएको संस्थाका कार्यकारी निर्देशक भोलाकुमार पासवानले बताए ।

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*